# श्री बाल कल्याण ने.रा. प्राथमिक विद्यालय

गौमुखी गा.पा.-६, लिवाङ घोप्टे प्यूठान

स्था.: २०५४

पत्र संख्या: ०८२।०८३

चलानी नम्बर : ०८

मिति २०८२।०६।१३

विषय :- पुन शिक्षक सरुवा सम्बन्धमा

प्रस्तुत विषयमा यस श्री बालकल्याण ने.रा. प्राथमिक विद्यालय घोप्टे गौमुखी गा.पा. ६ लिवाङ, प्यूठानमा प्राथमिक तह तृतीय श्रेणी शिक्षक पद रिक्त रहेको उक्त पदमा मिति २०८२।०५।२५ गते स्थायी शिक्षक सरुवाको लागि विज्ञापन गरेको हुँदा उक्त रिक्त पदमा कुनै पनि स्थायी शिक्षकको सरुवाको लागि दरखास्त नपरेको हुँदा उक्त रिक्त पदमा शिक्षा ऐन २०२८ र शिक्षा नियमावली २०५९ को दशौं संशोधन २०८२ अनुसार सरुवा भई आउन इच्छुक सम्बन्धित तहमा कार्यरत स्थायी शिक्षकहरुले यो सूचना प्रकाशित मितिले ७ दिनभित्र शिक्षा नियमावली २०५९ को संशोधन अनुसूची १७ बमोजिमको कागजात सहित निवेदन पेश गर्नु हुन सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। प्रकाशित सूचना गौमुखी गाउँपालिका र शिक्षा विकास तथा समन्वय ईकाइ - प्यूठानको Website मा समेत हेर्न सकिने छ। रित नपुगेका निवेदन उपर कुनै कारबाही हुने छैन। सहजताको लागि विद्यालयको ठेगानामा पनि पठाउन सकिने छ।

आवश्यक कागजातहरु:-

(१) निवेदन
(२) नेपाली नागरिकताको प्रतिलिपी
(३) स्थायी नियुक्ति पत्रको प्रतिलिपी
(४) विद्यालयमा हाजिरी भएको पत्रको प्रतिलिपी
(५) शै. योग्यताको प्रमाण पत्रको प्रतिलिपी
(६) सरुवा भई जाने र आउने विद्यालयको सहमति पत्र
(७) सम्बन्धित पालिकाको सहमति पत्र
(८) जिल्ला बाहिरबाट भए सम्बन्धित शिक्षा विकास तथा समन्वय ईकाइको सहमति पत्र
(९) निवेदन दिने अन्तिम मिति २०८२।०६।१९ गते विद्यालयको समय भित्र

थप जानकारीका लागि सम्पर्क नं ९८४४५९८४०७, ९८४७८६९९६२

बोधार्थ
(१) गौमुखी गाउँपालिकाको कार्यालय लिवाङ प्यूठान
(२) शिक्षा विकास तथा समन्वय ईकाई प्यूठान

दल बहादुर पुन
नि. प्रधानाध्यापक